# लालीगुराँस नगरपालिका
# LALIGURANS MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
बसन्तपुर, तेह्रथुम, कोशी प्रदेश, नेपाल (BASANTAPUR, TEHRATHUM, KOSHI PROVINCE, NEPAL)


प.सं. २०८२/०८३

च.नं. १६३६

मिति: २०८३/०२/२२

श्री लालीगुराँस नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण कृषकज्यूहरु।

**विषयः माटो परीक्षणका लागि नमूना माटो संकलन गरी उपलब्ध गराउने सम्बन्धमा।**

उपर्युक्त सम्वन्धमा लालीगुराँस नगरपालिका क्षेत्रको कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि तथा आय आर्जन र जीविकोपार्जन सुधार गर्ने उद्देश्यले आ.व.२०८२/०८३ मा यस नगरपालिकाको कृषि विकास शाखावाट कार्यान्वयन हुने "माटोको नियमित परिक्षणका आधारमा माटोको गुणस्तर सुधार कार्यक्रम" अन्तर्गत मिति २०८३/०२/२८ र २९ गते माटो परीक्षण शिविर संचालन हुने तय भएकोले तपसिल बमोजिम माटोको नमूना संकलन गरी मिति २०८३/०२/२८ गते भित्र कृषि विकास शाखामा बुझाउनु हुन तपाई सम्पूर्ण नगरवासी कृषकहरुलाई जानकारी गराइन्छ।

साथै माटोको गुणस्तर परीक्षण पश्चात्त गुणस्तर सुधारको लागि आवश्यक निःशुल्क परामर्श तथा अनुदानमा कृषि चुन समेत उपलब्ध गराइने वेहोरा समेत अनुरोध छ।

<u>नमुना संकलन गर्ने तरिका:</u>

- खेतवारीको ४-५ स्थानवाट माटो संकलन गर्नुहोस्।
- माथिल्लो १५-२० से.मी. गहिराइवाट माटो लिनुहोस्।
- ढुंगा,झारपात आदि हटाएर सफा माटो मात्र लिनुहोस्।
- सबै माटो राम्ररी मिसाएर करिब ५०० ग्राम नमूना तयार गर्नुहोस्।
- नमूना सफा प्लास्टिक वा झोलामा राखी नाम,ठेगाना र लगाइने वालीको विवरण समेत लेख्नुहोस्।

.............................

(रविन कार्की)

प्रमुख प्रशासकीय अधिकृत


laliguransnagarpalika@gmail.com www.laliguransmun.gov.np

: 026-402119, 026-402120, 026-402121


"संस्कृति र प्रकृति, हाम्रो सम्पत्ति"